REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 07.03.2026

- Chief MinisterDental Surgeon

मुख्यमन्त्री प्रेमसिंह तामाङ गान्तोकको सोचेक्गाङस्थित STNM अस्पतालको प्रेक्षा गृहमा आजराष्ट्रिय दन्त चिकित्सक दिवस अथवा National Dentist's Day-को अवसरमा सम्पन्न कार्यक्रममा सहभागी बन्नुभयो। कार्यक्रमको आयोजना स्वास्थ्य एवं परिवार कल्याण विभागकोदन्त विभाग तथा इन्डियन डेन्टल एसोसिएसनको संयुक्त तत्वावधानमा भएको हो।

आफ्नो सम्बोधनमा मुख्यमन्त्री श्री तामाङले दन्त चिकित्सकहरूले सार्वजनिक स्वास्थ्य सेवामा पुऱ्याएको महत्त्वपूर्ण योगदानको कुरा गर्दै समग्र स्वास्थ्यका लागि मुखको स्वास्थ्य अत्यन्त आवश्यक रहेको उल्लेख गर्नुभयो। उहाँले गान्तोक, नाम्ची, माङ्गन र गेजिङ जिल्ला अस्पतालहरूमा डायलिसिस सेवा शुरू गरिएको तथा STNM अस्पतालमा क्यान्सर उपचार सेवा उपलब्ध गराइएको जानकारी दिनुभयो।मुख्यमन्त्रीले दन्त चिकित्सकहरूको लामो समयदेखि प्रतीक्षामा रहेको क्याडर समीक्षा तथा STNM अस्पतालमा छुट्टै डेन्टल प्रभाग स्थापना गर्न सरकार सकारात्मक रहेको पनि बताउनुभयो।

यसअघि, स्वास्थ्य मन्त्री GT ढुङ्गेलले स्वास्थ्यकर्मीहरूलाई समन्वय र समर्पणका साथ काम गर्न आग्रह गर्नुभयो।

--------------------------------------X--------------------------------------

- <u>Tsomgo Ultra Marathon</u>

सूचना एवं जनसम्पर्क विभागका अध्यक्ष असीत राईले मैत्रेय मञ्जरी परिसरमा भोली आयोजना हुने छाङ्गु अल्ट्रा म्याराथन तयारीको निरीक्षण गर्नुभयो। आज भएको निरीक्षणका क्रममा उहाँले कार्यक्रम स्थलको समग्र व्यवस्थाको समीक्षा गर्दै आयोजक टोलीसँग अन्तर्क्रिया गरी कार्यक्रमको तयारीबारे जानकारी लिनुभयो। यो म्याराथन भोलि बिहान सात बजी मुख्यमन्त्री प्रेमसिंह तामाङद्वारा गणेश टकबाट झण्डा देखाएर औपचारिक रूपमा शुभारम्भ गर्ने कार्यक्रम छ।

---------------------------------------X---------------------------------------

- <u>Jointly Inspection of Road Work Site</u>

सोरेङ जिल्लामा निर्माणाधीन नयाँ बजार-जूम सडकको आज संयुक्त निरीक्षण गरियो। सडक तथा पुल विभागका सचिव AB सुब्बाको नेतृत्वमा गएको निरीक्षण टोलीमा सोरेङका जिल्लाधीश धीरज सुबेदी, अतिरिक्त जिल्लाधीशDR बिष्टा तथा सम्बन्धित विभागका अधिकारीको उपस्थिति थियो।

निरीक्षणका क्रममा परियोजनाअन्तर्गत विभिन्न स्थानहरूको अवलोकन गर्दै जनताका गुनासोको स्थलमै समाधान गर्ने पहल गरियो। टोलीले जोखिमपूर्ण क्षेत्रमा दुर्घटना रोक्न कडा ट्राफिक व्यवस्थापन लागू गर्न पनि निर्देश दिएको छ। कामको गति बढाउँदै सडकमा कालोपत्र बिछ्याउने कार्य चाड़ोशुरू गर्न र निर्माणका क्रममा सर्वसाधारणको सुरक्षा सुनिश्चित गर्न ठेकादारलाई आग्रह गरिएको छ।

संयुक्त निरीक्षणपछि सोरेङ जिल्ला प्रशासनिक केन्द्रमा जिल्ला प्रशासन, सडक तथा पुल विभाग र ठेकादारहरूबीच समन्वय बैठक बस्यो। बैठकमा सडक निर्माणको प्रगतिर अन्य विषयमा विस्तृत रूपमा छलफल गरियो।

सचिव श्री सुब्बाले कालोपत्र बिछ्याउने कार्यको महत्त्वपूर्ण अवधिमा सवारी आवागमन व्यवस्थापनका लागि विशेष संयन्त्र गठन गर्न आग्रह गर्दै काम समयमै सम्पन्न नभए कडा कारबाही हुने चेतावनी दिनुभयो। जिल्लाधीश श्री सुवेदीले पनि मुख्यमन्त्रीको सुगम सम्पर्कको दृष्टिलाई ध्यानमा राख्दै सबै हितधारकलाई समन्वयका साथ काम गर्न आग्रह गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

- <u>Training on MRCU</u>

मंगनमा आज वन जाँच चौकीहरूमा लागू गरिएको मोबाइल राजस्व संकलन प्रणाली सम्बन्धी प्रशिक्षण र प्रदर्शनी कार्यक्रम सम्पन्न भयो।क्षेत्रीय वन अधिकारी मञ्जील खरेलको मार्गदर्शनमा सम्पन्न कार्यक्रममा वन एवं पर्यावरण विभागका मंगन जिल्लाअधिकारीहरू सहभागी बने।

कार्यक्रममा सूचना प्रौद्योगिकीका केशब छेत्रीले Sikkim First Portal अन्तर्गत उपलब्ध मोबाइल एपको प्रयोगबारे प्रस्तुति दिँदै यसमार्फत वन जाँच चौकीमा डिजिटल माध्यमबाट राजस्व संकलनलाई सहज बनाउने उद्देश्य राखिएको जनाउनुभयो।

हाल पहिलो चरणमा कार्यान्वयनमा रहेको एपमाआगामी चरणका निम्ति आवश्यक सुधार र थप सुविधाहरू समावेश गरिने बताइएको छ।कार्यक्रमपछि टोलीद्वारा मंगन जाँच चौकी पुगेर मोबाइल राजस्व संकलन प्रणालीको प्रत्यक्ष प्रदर्शनको समेत अवलोकन गरियो।

--------------------------------------X--------------------------------------

- <u>Sikkim International Film Festival</u>

सिक्किममा यसै महिनाको उन्नाइसदेखि बाहीस तारिकसम्म सिक्किम अन्तरराष्ट्रिय फिल्म महोत्सव आयोजना हुने भएको छ। सूचना एवं प्रसारण मन्त्रालय र राष्ट्रिय चलचित्र विकास निगमबाट सहयोग प्राप्त कार्यक्रमको आयोजना सिक्किम सरकारको सूचना एवं जनसम्पर्क विभाग र सिनेमा प्रवर्द्धन बोर्डले संयुक्त रूपमा गरिरहेछ।

मुख्यमन्त्री प्रेमसिंह तामाङको दूरदर्शी नेतृत्वमा आयोजना हुने यस महोत्सवले सिर्जनात्मक कला तथा मनोरञ्जन उद्योगलाई सुदृढ बनाउने, युवा प्रतिभालाई प्रोत्साहन गर्ने र सिक्किमलाई सिनेमा, संस्कृति र फिल्म पर्यटनको उदीयमान गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने लक्ष्य छ।

--------------------------------------X--------------------------------------

- Minister Lama elected as PAA

मन्त्री सोनाम लामा सिक्किम आर्चरी संगठनका नयाँ अध्यक्ष चुनिनुभएको छ। हिजो राजधानी गान्तोकमा सम्पन्न संगठनको चुनाउमा उहाँ निर्विरोध अध्यक्ष निर्वाचित हुनुभएको हो। यसअघि पूर्व मन्त्री कुङ्गा निमा लेप्चा अध्यक्ष हुनुहुन्थ्यो।संगठनका अध्यक्ष निर्वाचित भएपछि मन्त्री श्री लामाले राज्यबाट अझ धेरै तरुणदीप राई तयार पार्ने दिशामा काम गर्ने बताउनुभयो।

अर्कातिर, आजदेखि सिक्किम आर्चरी संगठनको तत्वावधानमा तीन दिवसीय पूर्व अनि उत्तरपूर्व क्षेत्र प्रशीक्षक सम्मेलन एवं कार्यशाला राजधानी गान्तोकमा आरम्भ भएको छ। ओलम्पिक गोल्ड क्वेस्ट र भारतीय आर्चरी संगठनसितको सहकार्यमा आयोजना गरिएको कार्यशालामा पूर्वोत्तरका विभिन्न राज्य साथै छत्तीसगढ, पश्चिम बङ्गाल र झारखण्डका जम्मा छ्यालीसजना आर्चरी प्रशिक्षकहरू सहभागी बनेका छन्।

-------------------------------------X-------------------------------------